## तामाकोशी गाउँपालिका

तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप के.सी.को अध्यक्षतामा गाउँ कार्यपालिकाका सदस्य लगायत तपसिलको उपस्थितिमा मिति २०८१ साल माघ १४ गते सोमबार बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क.स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोणप्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | सदस्य (वडाध्यक्ष वडा नं. १) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | सदस्य (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | सदस्य (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | सदस्य (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | सदस्य (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | सदस्य (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | सदस्य (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | सदस्य | श्री रिता पोखरेल | रिता | ९७४२८५४६४९ |
| ११ | सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | सदस्य | श्री ईन्दिरा कार्की | इन्दिरा | ९७४५६७००९३ |
| १३ | सदस्य | श्री संगिता वि.क. | | ९८६३२३६२५४ |
| १४ | सदस्य | श्री नरध्वज सुनुवार | | ९८४४३०४४५४ |
| १५ | सदस्य | श्री सुमन गिजार | | ९८६१३७६८७३ |
| १६ | नि.प्र.प्र.अधिकृत | श्री विमल प्रसाद निरौला | | ९८५१२४९२०४ |

CamScanner

तामाकोशी गाउँ कार्यपालिका
बैठक नं.

मिति २०८१ माघ १४ गतेको तामाकोशी गाउँ कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरुः

बैठकका प्रस्तावहरुः

१. करारोपण नगरेको स्वघोषणा सम्बन्धमा ।
२. ल्यान्डफिल साइट निर्धारण सम्बन्धमा ।
३. बाल संरक्षण नीति, २०८१ सम्बन्धमा ।
४. जिल्ला समन्वय समितिबाट प्राप्त अनुगमन प्रतिवेदन उपर छलफल सम्बन्धमा।
५. कार्यालयबाट प्रदान गरिने सेवाहरुको SOP स्वीकृत गर्ने सम्बन्धमा ।

बैठकका निर्णयहरुः

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ मा व्यवस्था भएबमोजिम स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्र मात्र कर, शुल्क तथा राजस्व लगाउन पाउने कानुनी व्यवस्था रहेको सन्दर्भमा यस गाउँपालिकाबाट हालसम्म कुनै पनि प्रकारको कर, शुल्क वा अन्य राजस्व आफ्नो क्षेत्राधिकार बाहिर लगाउने कार्य नभएको व्यहोरा यस कार्यपालिकाको बैठकबाट पुष्टि गरिन्छ। साथै, भविष्यमा समेत प्रचलित कानूनको पूर्ण पालना गर्दै आफ्नो क्षेत्राधिकार बाहिर कुनै पनि किसिमको करारोपण नगर्ने प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो।

२. तामाकोशी गाउँपालिकाभित्र दैनिक रूपमा उत्पादन हुने फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित, दिगो तथा वातावरणमैत्री बनाउन आवश्यक भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानको पहिचान गर्ने सन्दर्भमा विभिन्न पक्षहरूको अध्ययन, स्थलगत अनुगमन तथा सरोकारवालासँगको छलफल पश्चात् तामाकोशी गाउँपालिका वडा न. ४ मालु स्थित किराते भुल्के सामुदायिक वन क्षेत्रलाई उपयुक्त ल्यान्डफिल साइटको रूपमा निर्धारण गर्ने निर्णय गरियो। उक्त स्थानमा ल्यान्डफिल साइट निर्माण तथा सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्यांकन (EIA/IEE) सम्बन्धी प्रचलित कानून तथा मापदण्डहरूको पूर्ण पालना गरिनेछ। यस कार्यका लागि आवश्यक बजेट विनियोजन आगामी योजना तथा कार्यक्रममा समावेश गर्ने व्यवस्था मिलाइनेछ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम गाउँपालिकाको क्षेत्रभित्र रहेका बालबालिकाको अधिकार संरक्षण, प्रवर्द्धन तथा बालमैत्री वातावरण निर्माण गर्ने उद्देश्यले "बाल संरक्षण नीति, २०८१" तयार गरिएको हुँदा सो नीतिलाई यस गाउँ कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

द्रोण प्रताप के.सी.
अध्यक्ष

CamScanner

४. जिल्ला समन्वय समितिबाट आ.व. २०८१/०८२ मा सञ्चालन भएका योजनाहरूको सम्बन्धमा प्राप्त अनुगमन प्रतिवेदन कार्यपालिका बैठकमा पेश भई सो प्रतिवेदनमाथि विस्तृत छलफल गरियो। छलफलका क्रममा प्रतिवेदनमा उल्लेख भएका सुझाव, कमीकमजोरी तथा सुधार गर्नुपर्ने विषयहरूलाई गम्भीरतापूर्वक लिँदै देहाय बमोजिम निर्णय गरियो:

क. जिल्ला समन्वय समितिबाट प्राप्त अनुगमन प्रतिवेदनलाई मनन गर्दै प्रतिवेदनमा उल्लेख भएका सुझावहरू कार्यान्वयन गर्न सम्बन्धित शाखा तथा वडा कार्यालयहरूलाई निर्देशन दिने।
ख. योजनाहरूको कार्यान्वयनमा देखिएका कमीकमजोरीहरू सुधार गर्न सम्बन्धित उपभोक्ता समिति, प्राविधिक तथा जिम्मेवार कर्मचारीहरूलाई आवश्यक निर्देशन दिने।
ग. आगामी दिनमा योजना कार्यान्वयन गर्दा गुणस्तर, समयसीमा तथा लागत प्रभावकारितामा विशेष ध्यान दिन सबै सरोकारवालालाई सचेत गराउने।
घ.प्रतिवेदनमा औंल्याइएका प्राविधिक सुधारका विषयहरू तत्काल कार्यान्वयन गर्न प्राविधिक शाखालाई जिम्मेवारी दिने।
यस सम्बन्धमा गरिएको प्रगति विवरण नियमित रूपमा कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने। आवश्यक परेमा अनुगमनलाई थप प्रभावकारी बनाउन आन्तरिक अनुगमन संयन्त्र सुदृढ गर्ने।

५. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुलाई थप प्रभावकारी, पारदर्शी तथा सेवाग्राहीमैत्री बनाउन आवश्यक देखिएको हुँदा, कार्यालय अन्तर्गतका विभिन्न शाखाबाट प्रदान गरिने सेवाहरुको सेवा प्रवाह प्रक्रियालाई व्यवस्थित गर्न देहाय बमोजिमका विषयक्षेत्रगत **Standard Operating Procedure (SOP)** तयार गरी स्वीकृत गर्ने तथा कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

१.सिफारिस तथा प्रमाणपत्र सेवा

सेवा मापदण्ड (SOP):

- निवेदन प्राप्त भएपछि दर्ता अनिवार्य गर्ने
- आवश्यक कागजात पूरा भए/नभएको उत्तै दिन जाँच गर्ने
- आवश्यक परे स्थल निरीक्षण १—२ दिनभित्र गर्ने
- सम्पूर्ण प्रक्रिया २ कार्यदिनभित्र सम्पन्न गर्ने
- स्वीकृतिपछि तुरुन्त सेवा प्रदान गर्ने
- सेवा शुल्क प्रचलित दर अनुसार मात्र लिने

२. व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह)

**सेवा मापदण्ड (SOP):**

- घटना भएको ३५ दिनभित्र दर्ता गर्न प्रोत्साहन गर्ने
- निवेदन प्राप्त भएपछि उत्तै दिन दर्ता गर्ने
- प्रमाणपत्र तुरुन्त वा सोही दिन उपलब्ध गराउने
- अभिलेख प्रणालीमा नियमित अद्यावधिक गर्ने

३. सामाजिक सुरक्षा भत्ता सेवा

**सेवा मापदण्ड (SOP):**

प्रोण प्रताप के.सी
अध्यक्ष

प्रोण प्रताप के सी
गाउँ पालिका अध्यक्ष
प्रोण प्रताप के.सी.
अध्यक्ष

- लाभग्राहीको सूची वार्षिक अद्यावधिक गर्ने
- भत्ता त्रैमासिक रूपमा समयमै वितरण गर्ने
- बैंकमार्फत भुक्तानी दिने
- गुनासो आएमा ७ दिनभित्र समाधान गर्ने

४. योजना तथा कार्यक्रम कार्यान्वयन सेवा

**सेवा मापदण्ड (SOP):**

- योजना छनोट सार्वजनिक सहभागिताबाट गर्ने
- सम्झौता भएपछि निर्धारित समयभित्र कार्य सुरु गर्ने
- कार्य प्रगति नियमित अनुगमन गर्ने
- सम्पन्न भएपछि प्राविधिक मूल्याङ्कन अनिवार्य गर्ने
- भुक्तानी कागजात पूरा भएपछि ७ दिनभित्र गर्ने

५. राजस्व संकलन सेवा

**सेवा मापदण्ड (SOP):**

- कर तथा शुल्क प्रचलित कानून अनुसार मात्र निर्धारण गर्ने
- प्रत्येक भुक्तानीमा अनिवार्य रूपमा रसिद दिने
- दैनिक संकलन अभिलेखमा दर्ता गर्ने
- राजस्व विवरण मासिक रूपमा सार्वजनिक गर्ने

६.सामान्य सेवा प्रवाह मापदण्ड (All Services)

- सेवा पारदर्शी, छिटो र सेवाग्राहीमैत्री बनाउने
- सेवा प्रासिका लागि आवश्यक सूचना सार्वजनिक रूपमा उपलब्ध गराउने
- गुनासो दर्ता र समाधानको व्यवस्था अनिवार्य गर्ने
- सेवा समयसीमा नाघेमा जिम्मेवार कर्मचारी जवाफदेही हुने

प्रोण प्रताप के सी
गाउँ पालिका अध्यक्ष
प्रोण प्रताप के.सी.
अध्यक्ष

CamScanner